नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

शैक्षिक योजना तथा विकास महाशाखा

## शिक्षक व्यवस्थापन समन्वय शाखा

सानोठिमी, भक्तपुर

प.सं. २०७८।०७९/शि.व्य.
चलानी नं ३९

फोन: ६६३५११३
Section email : teachermgt.cehrd@gmail.com

मितिः २०७८/०४/२९

विषयः वार्षिक एकमुष्ट अनुदानका लागि प्रस्ताव पेश गर्न छुट भएका विद्यालयहरुको विवरण पेश गर्ने सूचना ।

श्री शिक्षा विकास तथा समन्वय इकाइ, सबै ।
तोकिएको आधार पुगेका सार्वजनिक विद्यालयहरु।

प्रस्तुत विषयमा यस आ.व. २०७८/७९ को विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तर्गतको शिक्षक दरबन्दी तथा राहत शिक्षक अनुदान प्राप्त नगरेका सार्वजनिक विद्यालयहरुलाई एकमुष्ट अनुदान प्रदान गर्ने कार्यक्रम अन्तर्गत प्रस्ताव आह्वानका लागि तोकिएको ढाँचामा प्रस्तावना सहितको विवरण पेश गर्न लगाई वार्षिक एकमुष्ट अनुदानबाट विद्यालय सञ्चालन गर्ने कार्यविधि, २०७६ को परिच्छेद २ बुँदा नं ३ अनुसार प्राथमिकताक्रम निर्धारण गरी गत आ.व. २०७७/७८ सम्म निरन्तर एकमुष्ट अनुदान पाइरहेका विद्यालयहरु बाहेक वार्षिक एकमुष्ट अनुदान पाउन योग्य (कक्षा १-५ मा शुन्य दरबन्दी भएका) सार्वजनिक विद्यालयहरुको मात्र तपसिल अनुसारको ढाँचामा अनिवार्य रुपमा संक्षिप्त विवरणको Hardcopy र softcopy यस केन्द्रको इमेल teachermgt.cehrd@gmail.com मा मिति २०७८ भाद्र मसान्तभित्र गते भित्र पठाउन हुन यस केन्द्रको मिति २०७८/०४/२९ निर्णयानुसार अनुरोध छ ।

तपसिलः

| विद्यालय कोड नं | विद्यालयको नाम | ठेगाना गापा/नपा वडा नं | अनुमती प्राप्त मिति | संचालित कक्षा | विद्यार्थी संख्या | शिक्षक व्यवस्थापनको स्रोत | भविष्यमा संघीय सरकारबाट शिक्षक दरबन्दी नलिने सर्त स्वीकार गरेको छ/छैन | विद्यालयको सम्पर्क नम्बर |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

नोटः माथिका नयाँ एकमुष्ट अनुदानका लागि सिफारिस गरिने विद्यालयहरुको प्रस्तावित विवरण बाहेक निम्न विवरण समेत छुट्टै तयार गरी प्रगति विवरण सम्बन्धित स्थानीय तह र इकाइ मार्फत यस केन्द्रलाई पठाउन हुन ।

१. गत आ.व. मा एकमुष्ट अनुदान प्राप्त गर्ने केही विद्यालययका नाम दोहोरिएका देखिएकोले त्यस जिल्लामा दोहोरिएका एकमुष्ट अनुदान प्राप्त गर्ने विद्यालयहरुको नामनामेसी र पूर्ण ठेगानासहितको विवरण र
२. गत बर्षसम्म नियमित रुपमा अनुदान पाएका विद्यालयहरुको नामनामेसी र पूर्ण ठेगानासहितको विवरण ।

२०७८/४/२९

भुवनेश्वर जोशी
शाखा अधिकृत